# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०३।२५ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कास्की, पोखरा म.न.पा. वडा नं. २२ पुम्दी भुम्दी, तारेभिर स्थित दुर्गा आधारभूत विद्यालयका तत्कालीन शिक्षक बोधराज पौडेलले सरकारी जागिर प्रयोजनका लागि दुई वटा नागरिकता प्रयोग गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन शिक्षक बोधराज पौडेलले अस्थायी एवं स्थायी दुवै नियुक्तिको समयमा पेश गरेको शैक्षिक प्रमाणमा निजको जन्म मिति २०१३।०१।२७ उल्लेख भएकोमा निजले मिति २०४९।०८।१९ बाट तत्कालीन दुर्गा प्रा.वि. हाल कायम दुर्गा आधारभूत विद्यालयमा अस्थायी शिक्षक नियुक्ति हुँदा जन्म मिति २०१३।०१।२७ गते उल्लेख भएको नेपाली नागरिकताको प्रमाण पत्र पेश गरेको एवं शिक्षक सेवा आयोगमा दरखास्त दिई मिति २०६०।१२।२६ मा स्थायी नियुक्ति हुँदा निजले आफ्नो शैक्षिक प्रमाण पत्र अस्थायी नियुक्ति हुँदाकै पेश गरेको तर शैक्षिक प्रमाण पत्रमा उल्लेख भएको उमेर भन्दा ७ वर्ष उमेर कम रहेको जन्म मिति २०२०।०१।२७ गते उल्लेख भएको बंशजको आधारमा प्राप्त गरेको नागरिकता पेश गरी सोही अनुसारकै व्यक्तिगत विवरण भरी मिति २०८०।०१।२६ गतेसम्म प्रा.वि. तृतीय श्रेणीको स्थायी शिक्षकको रुपमा अध्यापन गरी २०७९ चैत्र मसान्तसम्मको तलव, भत्ता सहितको ओहोदा, लाभ तथा सरकारी सेवा सुबिधा समेत प्राप्त गरेको र निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) मा परिभाषित कसुर भएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा दफा २९(२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे